'समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहरः सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर'

# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

'अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका'

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०७९।०८०
च.नं.: ३३६५

मिति: २०७९।१२।२३

श्री सामुदायिक तथा संस्थागत विद्यालय (सबै),

तिलोत्तमा नगरपालिका मणिग्राम, रुपन्देही ।

**बिषय : विद्यालय हाताभित्र पाठ्यपुस्तक, स्टेसनरी शैक्षिक सामग्री एवम् विभिन्न मसलन्द सामाग्रीहरुको विकी वितरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघ (Federation of Nepal Books and Stationary Business ) जिल्ला शाखा रुपन्देहीको च.नं. २०७९।८०/५२ मिति २०७९।१२।२१ गतेको ज्ञापनपत्र प्राप्त भई व्यहोरा अवगत भयो, प्राप्त पत्रमा तिलोत्तमा नगरपालिका भित्र सञ्चालित केही विद्यालयहरुले विद्यालयको हाता भित्रबाट अनाधिकृत रुपमा पाठ्यपुस्तक, स्टेसनरी तथा विभिन्न पाठ्यसामग्रीहरु विकि वितरण गरी अभिभावक तथा विद्यार्थीहरुलाई विद्यालयबाटै उक्त सामग्री खरीद गर्न वाध्य गराइएको व्यहोरा उल्लेख भएको हुँदा शिक्षा नियमावली २०५९ को परिच्छेद ७, नियम ३७ मा विद्यालयले स्वीकृत पाठ्यकम तथा पाठ्यपुस्तक लागु नगरेमा वा विद्यालयवाट पाठ्यपुस्तक खरिद गर्न लगाएमा सजाय गर्न सकिने व्यवस्था भएकोले यस नगरपालिका अर्न्तगत सञ्चालित सम्पूर्ण विद्यालयहरुले उक्त कार्य अविलम्व रोक्नुहुन जानकारी गराइन्छ, साथै चालु शैक्षिक सत्रको नतिजा प्रकाशन हुनुभन्दा एक हप्ता अगावै शैक्षिक सत्र २०८० का लागि स्थानीय पाठ्यपुस्तक समेत समावेश गरी विद्यालयमा अध्ययन अध्यापनमा प्रयोग गरीने अन्य पाठ्यपुस्तकहरुको सूची प्रकाशन गरी सोको एक प्रति यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा उपलब्ध गराउनुहुन साथै पाठ्यपुस्तक लगायत विभिन्न शैक्षिक सामाग्रीहरु विद्यार्थी तथा अभिभावकले आफ्नो सुविधा अनुसार खरिद गर्न पाउने व्यवस्था मिलाउनुहुनका साथै विद्यालय हाताभित्र पाठ्यपुस्तक, स्टेसनरी शैक्षिक सामग्री लगायत कुनैपनि प्रकारका व्यापारिक गतिविधि सञ्चालन नर्गन नगराउनु हुन सम्वन्धित सबैमा जानकारीका साथ अनुरोध छ ।

२०७९।१२।२३

गंगाराम आचार्य
उपसचिव (शिक्षा)
अधिकृत दशौं तह

मणिग्राम, रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

*Phone No.:071-562979, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np*

*Manigram, Rupandehi*

Scanned with CamScanner